# सुपर हेवा पावर कम्पनी लिमिटेड

नगार्जुन न. पा.-४, काठमाण्डौं
सम्पर्क फोन नं. ०१-५३१४५१२, मोवाइल नं. ९८४१२५१४६८,
इमेलः superhewaac@gmail.com

## १६ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/०५)

**शेयरधनी महानुभावहरू,**

मिति २०८३/०६/०२ गते शुक्रबार अर्थात १८ सेप्टेम्बर, २०२६ का दिन बिहान ११:३० बजे बसेको सञ्चालक समितिको २६ औं बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व. २०८२/८३ को १६औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति,स्थान र समय**

**मिति :** २०८३/०६/२५ गते, आईतबार अर्थात अक्टोबर ११, २०२६ ।

**स्थान :** बुद्ध प्यालेस पार्टी भेन्यू, काठमाडौं म.न.पा., वडा नं. १५, सानोभर्‍याङ, रिङरोड, काठमाडौं ।

**समय :** बिहान ११:३० बजे ।

**छलफलका विषयहरुः**

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको सम्पूर्ण अनुसूचीहरु पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को (घ) बमोजिम लेखापरीक्षण समितिबाट प्राप्त सिफारिस बमोजिम सोही ऐनको दफा १११ बमोजिम नियुक्ति गरी निजको पारीश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।
५. ३.१५७९ प्रतिशत (कर सहित) नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।
६. विविध ।

**निर्वाचन सम्बन्धी कार्यक्रमः**

१. ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले,

**कम्पनी सचिव**